# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४७ | काठमाडौं | मंगलबार, २६ जेठ २०८३ | Prabhab National Daily | Tuesday, 9 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ: वैदेशिक रोजगार

## वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा खत्री विजयी

### एक पदाधिकारी र दुई सदस्यबाहेक सबै पदमा संयुक्त व्यवसायी प्यानलका उम्मेदवार निर्वाचित



**संघको नवनिर्वाचित कार्यसमिति**

अध्यक्ष: डिकबहादुर खत्री
प्रथम उपाध्यक्ष: महेशकुमार बस्नेत
द्वितीय उपाध्यक्ष: अनिल बोगटी
तृतीय उपाध्यक्ष: लक्ष्मण पौडेल
महासचिव: हिराबहादुर डाँगी
सचिव: केदारनाथ अधिकारी
कोषाध्यक्ष: धनमाया सिञ्जाली
सदस्य: रमा खड्का, तारा तामाङ, तारामणि राई, ध्रुव जिसी, भावना गजुरेल, रविन्द्र राई, विवस ढुंगाना, दीक्षा थपलिया, बाबुराम न्यौपाने र गीता राउत

■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा डिकबहादुर खत्री विजयी भएका छन् । संघको आइतबार सम्पन्न विशेष साधारणसभासहितको निर्वाचनबाट उनी ठूलो मतान्तरका साथ निर्वाचित भएका हुन् ।

क्रमश: पृष्ठ २ मा

### 'नीतिगत सुधार प्राथमिकतामा'



नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा नवनिर्वाचित अध्यक्ष डिकबहादुर खत्री यस क्षेत्रका विज्ञका रूपमा चिनिन्छन् । उनी नेतृत्वको प्यानललाई स्पष्ट बहुमत दिएसँगै व्यवसायहीरुले संघबाट सुधारको ठूलो अपेक्षा राखेका छन् । सरकार वैदेशिक रोजगार व्यवसायीमाथि कडारूपमा प्रस्तुत भइरहँदा नवनिर्वाचित कार्यसमितिमा चुनौती बढेको व्यवसायहीरु बताउँछन् ।

नवनिर्वाचित अध्यक्ष खत्रीले व्यवसायीको अपेक्षाअनुसार संघलाई अगाडि बढाउने प्रतिबद्धता जनाए ।

क्रमश: पृष्ठ २ मा

## रविलाई प्रधानमन्त्रीको 'अफर'

- प्रधानमन्त्री वालेन्द्र शाहको सीमा-अभिव्यक्तिका कारण अवरूद्ध संसद् खुलाउन रास्वपा सभापति लामिछानेको पहल
- प्रधानमन्त्रीले संसद्बाटै अभिव्यक्ति सच्याउनुपर्ने विपक्षी दलहरूको अडानले सोमबार पनि संसद् बैठक स्थगित
- सर्वदलीय बैठकमा रास्वपा सभापति लामिछानेलाई सरकारको नेतृत्व लिन विपक्षी दलको प्रस्ताव
- भारत भ्रमणबाट फर्किएका लामिछाने चितवन महाधिवेशनबाट अनुमोदित भएर आएपछि सरकार फेर्ने दाउमा



**सोमबार रास्वपा सभापति रवि लामिछानेले बोलाएको सर्वदलीय बैठक ।** *तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भर्खरै भारत भ्रमणबाट फर्किएका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेलाई प्रधानमन्त्री बन्न प्रस्ताव आएको छ । सभापति लामिछानेलाई यस्तो प्रस्ताव आफ्नै दलबाट भने आएको हैन ।

मंगलबार समसमायिक विषयमा छलफल गर्न भन्दै लामिछानेले डाकेको सर्वदलीय बैठकमा विपक्षी दलका सांसदले लामिछानेलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेका हुन् । प्रधानमन्त्री वालेन्द्र शाहले संसद्लाई पत्याउन छाडेकाले संसदीय व्यवस्थालाई निरन्तरता दिन लामिछाने नै सरकारको नेतृत्व गर्ने उपयुक्त पात्र भएको नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले बताएका हुन् । 'प्रधानमन्त्रीज्यू संसद्मा आउनै मान्नुहुन्न । तपाईं नै प्रधानमन्त्री भए हामी पनि कति खुसी हुन्थ्यौं, तपाईंले जवाफ पनि दिनुहुन्थ्यो,' महरले बैठकमा भने ।

महरले यस्तो सुझाव दिँदा लामिछाने भने मुसुमुसु हाँसेको बैठकमा सहभागी कांग्रेसका एक नेताले बताए । 'रविजी हाँस्नुमात्र भयो । जवाफ केही दिनुभएन,' ती नेताले भने ।

प्रधानमन्त्री शाहले भारतसँगको सीमासम्बन्धमा दिएको अभिव्यक्तिका कारण प्रतिनिधिसभा बैठकमा तनावग्रस्त अवस्था सिर्जना भएपछि सभामुख डोलप्रसाद अर्यालले जेठ १९ गते पाँच दिनका लागि बैठक स्थगित गरेका थिए । सर्वदलीय बैठकमा सदन खुलाउन समन्वय हुने आशा विपक्षीले गरेका थिए ।

तर सभापति लामिछानेले बैठकमा संसद् खुलाउने विषयमा खासै महत्त्व दिएनन् । बरु सरकारका नराम्रा कामको खबरदारी गर्न नछोड्न आग्रह गरे । 'सार्वभौम संसद्को माननीयहरू हो तपाईंहरू । यही संसद्ले सरकार जन्माउँछ । तपाईंहरूले सरकारलाई प्रश्न सोध्न पाउनुहुन्छ । सरकारका नराम्रा कामको खबरदारी तपाईंहरूले गरिरहनुस्,' लामिछानेले भने ।

क्रमश: पृष्ठ २ मा


**हार्दिक बधाई तथा शुभकामना**



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही २०८३ जेठ २४ गते सम्पन्न विशेष साधारण सभासहितको निर्वाचनमा विजयी हुनु भएका अध्यक्ष डिक बहादुर खत्री (कुमार) ज्यू, प्रथम उपाध्यक्ष महेश बस्नेतज्यू, द्वितीय उपाध्यक्ष अनिल बोगटीज्यू तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलज्यू, महासचिव हरि डाँगीज्यू, सचिव केदारनाथ अधिकारीज्यू, कोषाध्यक्ष धनमायाँ सिन्जालीज्यू तथा कार्यसमिति सदस्यज्यूहरू : रमा खड्का, तारा तामाङ, तारामणि राई, ध्रुव जिसी, भावना गजुरेल, रविन्द्र राई, विवश ढुंगाना, दीक्षा थपलीया, बाबुराम न्यौपाने, गीता राउत मा हार्दिक बधाईका साथ कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

श्री जनक रावल
अध्यक्ष

श्री मिलन कट्टेल
महासचिव

तथा

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल परिवार
Progressive Form of Foreign Employment Association Nepal Family
गौशला-८, पिंगलास्थान, काठमाडौं, फोन : ०१-४४६४३०१



**हार्दिक बधाई तथा शुभकामना**



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही २०८३ जेठ २४ गते सम्पन्न विशेष साधारण सभासहितको निर्वाचनमा विजयी हुनु भएका अध्यक्ष डिक बहादुर खत्री (कुमार) ज्यू, प्रथम उपाध्यक्ष महेश बस्नेतज्यू, द्वितीय उपाध्यक्ष अनिल बोगटीज्यू तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलज्यू, महासचिव हरि डाँगीज्यू, सचिव केदारनाथ अधिकारीज्यू, कोषाध्यक्ष धनमायाँ सिन्जालीज्यू तथा कार्यसमिति सदस्यज्यूहरू : रमा खड्का, तारा तामाङ, तारामणि राई, ध्रुव जिसी, भावना गजुरेल, रविन्द्र राई, विवश ढुंगाना, दीक्षा थपलीया, बाबुराम न्यौपाने, गीता राउत मा हार्दिक बधाईका साथ कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

नवराज के.सी.
अध्यक्ष

तथा

प्याराडाइज इन्टरनेशनल प्रा.लि. परिवार
PARADISE INTERNATIONAL (P.) LTD.
बखुन्डोल, ललितपुर, फोन : ०१-५५३४०४२, ५५२२०६३

## पृष्ठ १ बाट क्रमशः

### रविलाई...

पाँच दिन स्थगित संसद् सोमबार सुरु भएको थियो । प्रतिपक्षीले अवरोध जारी गरेपछि सभामुख डोलप्रसाद अर्यालले १५ मिनेटका लागि स्थगित गरेको बैठक सूचना टाँसेर आज (मंगलबार) दिउँसो १ बजेसम्मका लागि सारिदिए । यसरी सूचना टाँसेर संसद् स्थगित भएको फागुन २१ गतेको निर्वाचनपछि पहिलोपटक हो । सभामुख अर्याल लामिछानेपक्षकै भएकाले प्रधानमन्त्रीलाई थप मुस्किल बनाउन सदनको गतिरोध अन्त्यका लागि केही नगरेको आरोपसमेत लागेको छ ।

नेपालले पनि भारतको सीमा मिचेको छ भन्ने विषयमा संसद्मा प्रधानमन्त्री शाहले प्रमाण पेस गर्दै प्रतिपक्षी दलले अवरोध जारी गरेपछि संसद् स्थगित भएको हो । रविले प्रधानमन्त्री शाह प्रतिपक्षी दलको मागअनुसार प्रस्टीकरण दिनका लागि संसद्मा नआउने भन्दै परराष्ट्रमन्त्री शिशिर खनालले जवाफ दिने सन्देश दिएका थिए । आवश्यक परे आफूले पनि विपक्षी दलहरूका आवाजबारे बोल्ने बताएका थिए ।

तर प्रतिपक्षीले प्रधानमन्त्री नै उपस्थिति हुनपर्ने विषयमा जोड दिएपछि सहमति जुट्न सकेन । बैठकमा रविले प्रधानमन्त्री शाह सदनमा उपस्थित नहुने बताएपछि विपक्षी दलका नेताले उनको भारत भ्रमणबारे चासो राखेका थिए । 'भारत भ्रमणका बारेमा सभापतिले राजनीतिक दलहरूलाई जानकारी गराउनुभयो । संसद्को अवरोध कसरी हटाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर छलफल भएको थियो,' रास्वपाका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले भने ।

सोमबारको सर्वदलीय बैठकपछि रास्वपा सभापति लामिछानेले विपक्षीसँगको संवादलाई बाक्लो बनाएका छन् । उनले सोमबार साँझ नै राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर समसामयिक विषयमा छलफल गरे ।

**रास्वपाभित्र असन्तुष्टि बढ्दो**

फागुन २१ गतेको निर्वाचनबाट सबैभन्दा ठूलो दल बनेको रास्वपाभित्र प्रधानमन्त्री शाहको कार्यशैलीका कारण चुलिँदै गएको असन्तुष्टि बाहिर देखिन थालेको छ । बजेटमा पहुँचदेखि मन्त्रिपरिषद्का अधिकांश सदस्यहरूले आफ्नै सांसदहरूलाई मन्त्रालयमा पहुँच नदिँदा असन्तुष्टि चुलिँदै गएको एक सांसदले बताए ।

'हिजोआज हाम्रा सांसदहरू आफ्नै मन्त्री भेट्न पाउँ भन्दै प्रधानमन्त्रीको सचिवालय धाउँछन् । मन्त्रीले फोन उठाएनन् भनेर आँशु झार्छन्,' रास्वपाका एक सांसदले भने । चैत १३ गतेदेखि सत्ता सम्हालेका शाहले आफ्नै सचिवालयमार्फत धेरैजसो मन्त्रालय 'टेक ओभर' गरिरहेका छन् ।

यस्तो कार्यशैलीविरुद्ध सभापति लामिछाने समूहका सांसदहरूले तीव्र असन्तुष्ट जनाउन थालेका छन् । सहमतिअनुसार शाह रास्वपाको तर्फबाट संसदीय दलको नेता चयन हुँदै प्रधानमन्त्री बनेका थिए भने लामिछानेले पार्टीको कमाण्ड सम्हालेका थिए । तर, सरकार गठन भएको दुई महिना बितिसक्दा पनि शाहले 'काठमाडौंको मेयर' हुँदाकै शैलीमा सीमित सल्लाहकारहरूको घेरामामात्र बसेर एकलौटी निर्णय गर्ने प्रवृत्ति नछाडेको रास्वपा नेताहरूको आरोप छ । प्रधानमन्त्रीको 'वान-म्यान शो' कायमै रहे रास्वपाले 'राइट टु रिकल' वा संसदीय दलको नयाँ निर्णयमार्फत नेतृत्व परिवर्तन गर्ने वा सरकारलाई कडा दलीय अंकुशभित्र ल्याउनेजस्ता अन्य विकल्पमा छलफल चलाउने तयारी भित्रभित्रै सुरु गरेको छ ।

यसअघि नै लामिछाने भारतबाट फर्केपछि सरकार हेरफेरको कसरत सुरु हुने चर्चा चलेको थियो । यद्यपि रास्वपाले असारको ७ देखि ९ गतेसम्म चितवनमा महाधिवेशन तय गरेको छ । उक्त महाविधेशन सकिएपछिमात्र सभापति लामिछानेले सरकार हेरफेरको तयारी गर्ने रास्वपा स्रोतको दाबी छ । जेठ १८ गते भारत भ्रमणमा निस्किएका लामिछाने जेठ २२ गते आइपुगेका थिए ।

**महाधिवेशनबाट थप बलियो बन्दै लामिछाने**

सरकारको नेतृत्व दाबी गर्ने गरी देशभरको जिल्ला अधिवेशनमा लामिछानेले आफ्नो पक्षलाई बलियो देखाउने प्रयास थालिसकेका छन् । रास्वपाको शनिबार र आइतबार प्रथम अधिवेशन सम्पन्न भएका ५० भन्दा बढी जिल्लाका कार्यसमिति बन्दा सबैजसोमा सभापति लामिछानेनिकट नेता चुनिएका छन् । निर्वाचनअघि रास्वपामा वालेन्द्र शाह समूह र विवेकशील साझा पार्टीको एकता र समायोजन भएको थियो । शाह समूह र विवेकशील साझा पक्षलाई सभापति लामिछानेले पार्टीमा पदाधिकारी र केन्द्रीय सदस्य मनोनीत गरी पार्टीमा भित्र्याएका थिए ।

भागबण्डाकै आधारमा फागुन २१ को निर्वाचनको प्रत्यक्ष र समानुपातिक उम्मेदवार तय गरिएको थियो । यही आधारमा रास्वपाको महाधिवेशन हुने महामन्त्री भूपदेव शाहले बताएका थिए । तर, प्रथम अधिवेशन भएका जिल्लामा उनीहरूको समूहगत उपस्थिति कमजोर देखिएको नेताहरू बताउँछन् । यसरी नै प्रथम महाधिवेशनबाट सभापतिमा चुनिएर लामिछाने शक्तिशाली बन्ने र सरकारको नेतृत्व लिने तयारी रहेको स्रोतको दाबी छ ।

■ ■ ■

### वैदेशिक रोजगार...

नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका उम्मेदवार खत्रीले ३४७ मत प्राप्त गरे । उनका निकटतम् प्रतिस्पर्धी मेघनाथ भुर्तेलले १९२ मत प्राप्त गरे । अध्यक्षका अर्का प्रत्याशी हरिबहादुर पाण्डे क्षेत्रीको पक्षमा १७० मत खस्यो । भुर्तेल नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र पाण्डे स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी समूहबाट प्यानलसहित चुनाव लडेका थिए ।

अध्यक्षमा निर्वाचित खत्री नेतृत्वको प्यानलमा प्रगतिशील मञ्चका साथै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र लोकतान्त्रिक एसोसिएसनबाट विद्रोह गरेका व्यवसायी समेटिएका थिए । 'संयुक्त व्यवसायी प्यानल' नामबाट चुनावी मैदानमा उत्रिएको उक्त गठबन्धनबाट उम्मेदवार बनेका अधिकांश विजयी भएका छन् ।

संघको १७ सदस्यीय कार्यसमितिमा सात पदाधिकारीमध्ये छ जना र १० सदस्यमध्ये आठ जना खत्री नेतृत्वको संयुक्त व्यवसायी प्यानलका उम्मेदवार निर्वाचित भएका छन् । लोकतान्त्रिक एसोसिएसन एक पदाधिकारी र दुई सदस्यमै सीमित बनेको छ । पाण्डे नेतृत्वको स्वतन्त्र व्यवसायी समूहका सबै उम्मेदवार पराजित भए ।

संघको प्रथम उपाध्यक्षमा महेशकुमार बस्नेत विजयी भएका छन् । उनी संघका निवर्तमान महासचिवसमेत हुन् । लोकतान्त्रिक एसोसिएसन निकट भए पनि उनी खत्रीको प्यानलबाट चुनाव लडेका थिए । बस्नेतले २४१ मत प्राप्त गर्दा उनका निकटतम् प्रतिस्पर्धी कर्णराज कटुवालले १० मत कम अर्थात् २३१ मतमात्र प्राप्त गरे । द्वितीय उपाध्यक्षमा अनिल बोगटी ३१५ मतसहित निर्वाचित हुँदा उनका निकटतम् प्रतिद्वन्द्वी रविन मेगाले मगरले २०५ मत पाए ।

तृतीय उपाध्यक्षमा भने लोकतान्त्रिक एसोसिएसनका उम्मेदवार लक्ष्मण पौडेल २५९ मतसहित विजयी भएका छन् । उनका निकटतम् प्रतिस्पर्धी तुलसी पुरी २५६ मत ल्याउँदै झिनो मतान्तरले पराजित भएका हुन् ।

त्यसैगरी महासचिव पदमा हिराबहादुर डाँगी २७३ मतसहित निर्वाचित भएका छन् । उनका निकटतम् प्रतिद्वन्द्वी नूर मोहम्मद मियाँले २४९ प्राप्त गरेका थिए । सचिव पदमा केदारनाथ अधिकारी २९४ मतसहित विजयी हुँदा निकटम् प्रतिद्वन्द्वी राजकाजी भोलान (राज लामा)ले २४४ मत प्राप्त गरेका छन् ।

कोषाध्यक्षमा संघकी निवर्तमान कोषाध्यक्ष्य धनमाया सिञ्जाली नै निर्वाचित भएकी छन् । उनले ३२३ मत ल्याउँदा निकटतम् प्रतिद्वन्द्वी विद्यालक्ष्मी बज्राचार्यको पक्षमा १९५ मत खसेको थियो ।

कार्यसमिति सदस्यमा रमा खड्का ३३६ मत, तारा तामाङ ३०१, तारामणि राई २८४, ध्रुव जिसी २७०, भावना गजुरेल २५९, रविन्द्र राई २५८, विवस ढुंगाना २५४, दीक्षा थपलिया २५२, बाबुराम न्यौपाने २५० र गीता राउत २३३ मत ल्याएर विजयी भएका छन् ।

संघको निर्वाचनका लागि कूल ७१९ मत खसेको थियो । भुवनसिंह गुरुङ नेतृत्वको निवर्तमान कार्यसमिति आन्तरिक विवादका कारण कार्यकाल पूरा नगरी विघटन भएपछि विशेष साधारणसभामार्फत नयाँ कार्यसमिति चयन गरिएको हो । निवर्तमान अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै बहुमत पदाधिकारीले राजीनामा दिएपछि कार्यसमिति विघटन हुन पुगेको थियो । संघको विधानमा बहुमत पदाधिकारीले राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने व्यवस्था छ । सोही व्यवस्थालाई टेकेर जिल्ला प्रशासन कार्यालय काठमाडौंलेसमेत संघलाई निर्वाचनमार्फत नयाँ कार्यसमिति चयन गर्न अनुमति दिएको थियो ।

■ ■ ■

### नीतिगत सुधार...

नीतिगत सुधारका लागि आफूले प्रभावकारीरूपमा सरकारसँग पहल गर्ने बताए । 'नीतिगत सुधार नभए व्यवसाय गर्ने अवस्था छैन । सरकार त्रुटियुक्त ऐनहरू संशोधन गर्न लागिपरेका बेला यसपटकको संशोधनमा पूर्ववत् त्रुटिहरू नहोस् भनेर सरकारसँग संवाद गर्ने सोचेका छौं,' उनले भने, 'अहिलेको सरकारले हाम्रा समस्यालाई सुनेर कार्यान्वयनमा ल्याउने ठूलो अपेक्षा छ । मन्त्रालयमा पछिल्लो समय भएका छलफलले पनि त्यो दिशानिर्देश गरेको छ ।'

सरकारले झण्झटिला र अव्यावहारिक ऐन, कानुनमा संशोधन गरेपछि २०४८ सालदेखिका समस्यालाई एकैचोटि सङ्ल्याउन सकिने खत्रिको भनाइ छ । नीतिगत सुधार भएपछि संघले व्यवसायीलाई मर्यादित र अनुशासित बनाउने योजना बनाएको उनले बताए । 'नीति बनिसकेपछि सदस्य संस्थाहरूलाई आचारसंहिता जारी गर्ने योजना छ । आचारसंहिता तयारी अवस्थामा छ,' खत्रीले भने, 'सरकारले यो क्षेत्रलाई व्यवस्थित गर्‍यो भने संघले आफ्नो सदस्य संस्थालाई आचारसंहितामार्फत व्यवस्थित गर्छ ।'

दुई वर्षे कार्यकालमा धेरै कामहरू सम्पादन हुने नवनिर्वाचित महासचिव हरी डाँगीले बताए । नीतिगत सुधारका साथै यस क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै लैजाने उनको भनाइ छ । 'डिजिटल प्रविधिलाई सुदृढ बनाएर स्थानीय तहसँगको समन्वयबाट श्रमिकहरू सीधै हामीसँग आउनसक्ने अवस्था निर्माण गर्दै जान्छौं,' डाँगीले भने ।

दूतावासले गर्ने मागपत्र प्रमाणीकरणको समस्याका साथै वैदेशिक रोजगार विभाग र व्यवसायीबीचको सम्बन्धलाई प्रगाढ बनाउन पनि आवश्यक समन्वय गर्ने उनले बताए ।

# प्राथमिकता निर्धारण गरेर विपद्को पूर्वतयारीमा लाग्न निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्राथमिकता निर्धारण गरी विपद् व्यवस्थापन र पूर्वतयारीमा लाग्न विषयगत क्षेत्रका प्रतिनिधिहरूलाई आग्रह गरेको छ ।

यस वर्षको मनसुनको पूर्वतयारीका सन्दर्भमा सोमबार सिंहदरबारमा भएको विषयगत क्षेत्रका नेतृत्वकर्ता र सहनेतृत्वकर्ता (लिड्स र कोलिड्स) मन्त्रालय र संघसंस्थाका प्रतिनिधिहरूसँगको छलफलमा प्राधिकरणले मनसुन भित्रिने समय भइसकेकाले आइपर्ने मनसुनजन्य विपद्को पूर्वतयारीमा जुट्न आग्रह गरेको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले प्राथमिकता निर्धारण गरी पूर्वतयारीका काममा लाग्न सबैलाई आग्रह गरे । उनले विषयगत समितिलाई प्राप्त जिम्मेवारी पूर्णरूपमा कार्यान्वयन गरेको खण्डमा प्रर्वतयारीका काम प्रभावकारी हुनेसमेत बताए ।

छलफलमा विषयगत क्षेत्रका लिड्स-मन्त्रालय र कोलिड्स-विभिन्न संघ संस्थाका प्रतिनिधिले आ-आफ्नो क्षेत्रमा भइरहेको पूर्वतयारीबारे जानकारी गराएका थिए । गृह मन्त्रालयका सहसचिव, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख सुरेश पन्थीले विपद् जोखिम न्यूनीकरण सरकारको प्राथमिकतामा रहेकाले सोहीअनुसार काम गर्नुपर्ने बताए ।

स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, पोषणलगायत गरी ११ वटा विषयगत क्षेत्रहरू तोकिएका छन् । प्राधिकरणले यसअघि विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय कार्ययोजना तयार पारी लागू गरिसकेको छ । सोहीअनुसार नेपालमा ५१ हजार परिवारका दुई लाख २६ हजार बढी नागरिक प्रभावित हुने आकलन गरिएको छ ।

सोहीअनुसार विषयगत समिति तयारीमा रहनुपर्नेमा जोड दिइएको कार्यकारी प्रमुख कोइरालाले बताए । उनका अनुसार यसपालिको मनसुनमा कम वर्षा हुने र गर्मी बढी हुने आकलन गरिएको छ ।

# स्वीकृतभन्दा बढी शयया सञ्चालन गर्ने मेडिकल कलेजमाथि कारबाही

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वीकृति पाएकोभन्दा बढी शयया थपेर सञ्चालन गरिरहेका मेडिकल कलेजमाथि सरकारले कारबाही प्रक्रिया सुरु गरेको छ । आफैं शयया थपेर सञ्चालन गरिरहेका मेडिकल कलेजबाट बढी भएको रकम असुली गरिने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको हो ।

मन्त्रालयले त्यस्ता मेडिकलबाट करिब एक करोड ७८ लाख ४४ हजार रूपैयाँ बेरुजु रकम रहेकाले उक्त रकम उठाउने तायरी थालेको जनाएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले स्वास्थ्य क्षेत्रका बेथितिहरू क्रमशः हटाउँदै जाने क्रममा पाँच वर्षअघिको बेरुजु असुल गर्नेगरी काम सुरु गरिएको बताइन् ।

उनले बढी भएको रकम असुली गर्ने कार्य सुरु भइसकेको जनाउँदै थप कलेजहरूका अन्य क्रियाकलापका बारेमा पनि सरकारले अनुगमन गरिरहेको उल्लेख गरिन् । 'राजधानीसहित देशका विभिन्न भागमा सञ्चालित ११ वटा मेडिकल कलेजले स्वीकृति पाएभन्दा बढी शयया थपेर अतिरिक्त आम्दानी गरिरहेका छन् । तर कर तथा दस्तुर भने स्वीकृत शयया संख्याबराबरको मात्र बुझाउने गरेका छन्,' उनले भनिन् ।

महालेखापरीक्षकको प्रतिवेदनले करिब पाँच वर्षअघि मेडिकल कलेजको यो प्रवृत्तिबारेमा जानकारी गराएर ती मेडिकल कलेजबाट असुल उपर गर्नुपर्ने रकम उल्लेख गरेको थियो । सोही आधारमा स्वास्थ्य मन्त्रालयले थपिएका शयया संख्याबराबरको दस्तुरबापतको थप रकम बेरुजुका रूपमा संकलन गरी सञ्चित कोषमा दाखिला गर्न लागेको जनाएको छ ।

स्वीकृतभन्दा बढी शयया राखी कमाउने मेडिकल कलेजमा भरतपुरको चितवन मेडिकल कलेज, ललितपुरको मेडसिटी मेडिकल कलेज, पोखराको गण्डकी मेडिकल कलेज, विराटनगरको नोबेल मेडिकल कलेज तथा काठमाडौंको नेपाल मेडिकल कलेजले आर्थिक वर्ष २०७६/७७ देखि शयया थप गरेकाले सोही समयदेखिको बेरुजु रकम असुल उपर गरिने मन्त्री मेहताले जानकारी दिइन् ।


**माइग्रेशन हराएको सूचना**

मिति २०८३/०२/२० गतेका दिन काठमाडौंदेखि उदयपुर यात्राको क्रममा वुद्ध तामाङ नाम गरेको NEB Registration No.:813272000095 रहेको कक्षा १२ को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले 015918253 मा सम्पर्क गरी फिर्ता गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।



**साउदी/युएइमा रोजगार** कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY सेवा शुल्क : १०,०००/-

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No. 343073 चलानी नं. ६०२५६४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 20 | 0 | 1000 | ४०,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ पुनः विज्ञापन LT. No. 323082 चलानी नं. ६०२३७०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/Packers | 38 | 0 | 950 | ३९,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/३० पुनः विज्ञापन LT. No. 334660 चलानी नं. ६०२४८३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packers | 97 | 0 | 1000 | ४१,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 82 | 0 | 1000 | ४१,३५८ | | | | | | | |

कम्पनी : SEATTLE INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ पुनः विज्ञापन LT. No. 327597 चलानी नं. ६०२४१४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 40 | 0 | 1500 | ६२,०३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 30 | 0 | 1500 | ६२,०३७ | | | | | | | |
| 3. | Building Labour | 100 | 0 | 1000 | ४१,३५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २ गते (16th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1047/073/74

YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)

Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar

E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np



**साउदीमा रोजगार** कम्पनी : AL YAMAMA COMPANY FOR TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No.343130 चलानी नं. ६०२५६४३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 50 | 0 | 1000 | ४०,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL YAMAMA COMPANY FOR TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No.343131 चलानी नं. ६०२५६४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ४०,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २ गते (16th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Link Overseas Pvt. Ltd.

Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004

Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com, Website: www.gulflinkoverseas.com

श्रम ईजाजत नं. ५८३/०६२/०६३



**साउदीमा रोजगार** कम्पनी : PROFESPRESSOBAR CAFE FOR BEVERAGES शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No. 342909 चलानी नं. ६०२५६४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 2 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMIL ESTABLISHMENT FOR BEVERAGES शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No. 342910 चलानी नं. ६०२५६४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 3 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUD KAB ESTABLISHMENT. शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No. 342912 चलानी नं. ६०२५६४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 4 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SLOWRA CAFE शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No. 343077 चलानी नं. ६०२५६४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 2 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHARIKAT DAR ALQASIM FACTORY FOR PAPER PRODUCTS. शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ LT. No. 342911 चलानी नं. ६०२५६४४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing& Packaging Worker | 5 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker Load And Unload | 3 | 0 | 1000 | ४०,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ३ गते (17th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com

श्रम ईजाजत नं. १२०८/०७३/०७४



**मलेसियामा रोजगार** कम्पनी : TRANSPAK WORLDWIDE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ LT. No. 339792 चलानी नं. ६०२५३३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 3 | 0 | 1700 | ६४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १ गते (15th June 2025) मा हुनेछ ।

नोट : यो LT No. 339792 को Transpak Worldwide Sdn Bhd कम्पनीको विज्ञापन मिति २०८३ जेठ २५ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुट्न गएकोले आज मिति २०८३ जेठ २६ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०८०।०३।१३ मा दर्ता भएको प्रा.लि.नं. ३१४६६६ को **सुनौलो पेन क्लिनिक एण्ड फिजियोथेरापी सेन्टर** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०६६।०८।२४ मा दर्ता भएको प्रा.लि.नं. ६८४१८ को **बज्र बाराही ग्रील वर्कशप प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदावी गर्न आउने बारेको ३५ दिने सूचना**

प्रकाशित मिति २०८३/०२/२६ गते

यस कार्यालयमा मिति २०८१/०९/०७ मा दर्ता भएको **दिगो फर्मास्युटिकल प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३५७७९०)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Young Manpower Pvt.ltd. (Pujan H.R.Service) (ई.प.नं.१०४७/०७३/०७४) मा तपसिलमा रहेका उल्लेखित कर्मचारीहरू आजको मितिदेखि यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Post | Citizenship No. |
|---|---|---|---|
| 1. | Ramesh Bhattarai | Public Relation Officer | 372030/80988 |
| 2. | Durga Bahadur Bishwokarma | Marketing Officer | 37-02 70-07596 |
| 3. | Binod Yadav | Marketing Officer | 37-06-78-03927 |
| 4. | Anand Yadav | Public Relation Officer | 37-06-78-01428 |
| 5. | Samjhana Bhandari | Receptionist | 53-01-82-00847 |

Govt. License No. 1047/073/74

YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)

Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar

E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np

# जलवायु नवप्रवर्तनलाई सशक्त बनाउनुपर्नेमा जोड




**काठमाडौं (प्रस)–** सरोकारवालाहरूले जलवायुजन्य विपद्का चुनौतीसँग जुध्न नवप्रवर्तनलाई सशक्त बनाउनुपर्नेमा जोड दिएका छन् । जलवायु नवप्रवर्तन प्रवर्द्धन (एएफसिआइए) कार्यक्रमका सम्बन्धमा सोमबार आयोजित सरोकारवालाबीचको छलफलमा सहभागीहरूले सो कुरामा जोड दिएका हुन् ।

संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) र कृषि, वन तथा पर्यावरण मन्त्रालयको सहकार्यमा छलफलको आयोजना भएको हो । जलवायु उत्थानशीलता र खाद्य सुरक्षा सुदृढ गर्ने उद्देश्यले छलफल कार्यक्रमको आयोजना गरिएको जानकारी दिइएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले नेपालमा स्थानीय आवश्यकता अनुरूपका दिगो जलवायु अनुकूलन समाधान विस्तार गर्न आवश्यक रहेको बताए । उनले डब्लुएफपीसँगको सहकार्यले नवप्रवर्तकलाई सशक्त बनाउँदै कृषि प्रणाली र जोखिममा रहेका समुदायको उत्थानशीलता बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

डब्लुएफपीका नेपालस्थित देशीय निर्देशक रियाज लोधीले जलवायुजन्य विपद्का चुनौतीसँग जुध्न नवप्रवर्तनको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको बताए । डब्लुएफपी नेपालका कार्यक्रम उपप्रमुख कृष्ण योगीले सौर्य ऊर्जामा आधारित सिँचाइ प्रणाली, स्वच्छ ऊर्जा प्रविधि, किसानका लागि 'डिजिटल' परामर्श सेवा, उपग्रहमा आधारित बिमा तथा जलवायु सूचना प्रणाली, साथै साना किसानका लागि बजार तथा मूल्य शृंखला नवप्रवर्तनलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

नेपालका लागि बेलायती राजदूत रोब फेनले नेपाललाई जलवायु अनुकूलन र नवप्रवर्तनका लागि 'जीवित प्रयोगशाला'का रूपमा चित्रण गर्दै हिमाली क्षेत्रदेखि साना किसानसम्म स्थानीय ज्ञान र प्रविधिको संयोजनले रूपान्तरणकारी परिवर्तन सम्भव रहेको बताए ।

एएफसिआइए कार्यक्रमले प्राकृतिक स्रोत व्यवस्थापन, कृषि उत्पादन, वितरण र उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीलाई समेट्ने दृष्टिकोण अवलम्बन गरेको छ । यसले स्थानीय क्षमता अभिवृद्धि, साझेदारी प्रवर्द्धन तथा जलवायु उत्थानशील विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

जर्मनीस्थित डब्लुएफपी इनोभेसन एक्सेलेरेटरकी नवप्रवर्तन परामर्शदाता एसिया सुल्तानका अनुसार कार्यक्रमले प्रभावकारी र विस्तारयोग्य जलवायु अनुकूलन उपायहरूको विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । कार्यक्रममा जलवायुमैत्री समाधानलाई राष्ट्रियस्तरमा विस्तार गर्ने, लगानी आकर्षित गर्ने तथा परीक्षण परियोजनालाई व्यापक प्रभावमा रूपान्तरण गर्ने विषयमा छलफल भएको थियो ।

विश्व खाद्य कार्यक्रम विश्वकै सबैभन्दा ठूलो मानवीय सहायता संस्था हो, जसले विपद्, द्वन्द्व तथा जलवायु परिवर्तनबाट प्रभावित समुदायलाई खाद्य सहायता उपलब्ध गराउँदै दिगो विकास र समृद्धिको मार्ग निर्माणमा सहयोग गर्दै आएको छ ।

# हुम्ला र बाजुरा सीमा विवादको दीर्घकालीन समाधान गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले हुम्ला र बाजुराको सीमा विवादका कारण उब्जिएको समस्या समाधानमा दीर्घकालीन उपाय निकाल्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको सोमबार बसेको बैठकमा सभापति जयन्तीदेवी राईले सीमा विवादको दीर्घकालीन समाधान गर्न स्थानीय जनता, प्रशासन र सम्बन्धित निकायबीच बृहत् छलफल गरेर दीर्घकालीन समाधान निकाल्न निर्देशन दिएकी हुन् ।

छलफलमा गृहसचिव राजकुमार श्रेष्ठले हुम्ला र बाजुराको सिमानामा पर्ने लाम्पाटा च्याचौर क्षेत्र (रानीसैन) मा चर्किएको सीमा विवाद अहिले सामान्य अवस्थामा आएको जानकारी दिए । साथै, बैठकमा उपस्थित प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समितिलाई त्यहाँको सुरक्षा अवस्थाबारे जानकारी दिए ।

महानिरिक्षक कार्कीले प्रहरीसँग पर्याप्त स्रोतसाधानको अभाव भएकाले अस्थायी संयुक्त सुरक्षा वेस बनाउन गृहकार्य भइरहेको बताए । उनले घटनामा संलग्न दोषीलाई कारबाही गर्ने प्रक्रिया तीव्र रूपमा अगाडि बढेको बताए । सशस्त्र प्रहरी बल महानिरीक्षक नारायणदत्त पौडेलले भौगोलिकरूपमा हुम्ला र बाजुराको सिमानामा पर्ने उक्त थलो निकै दुर्गम भएको बताए ।

बैठकमा सांसद नारायणदत्त मिश्र, रोशनी मेचे, श्रीकृष्णप्रसाद अधिकारी, सोनाम गेल्जेन शेर्पा, किरणबाबु श्रेष्ठ, धर्मेन्द्र पासवानले सीमा विवादका कारण उब्जिएको विवादलाई छिटो र दीर्घकालीन रूपमा समाधान गर्न सुझाव दिएका थिए ।

जेठ ३ गते बाजुराको हिमाली गाँउपालिका–३ लाम्पाटा क्षेत्रमा अस्थायी प्रहरी चौकी बनाउने विषयलाई लिएर हुम्लाको खार्पुनाथ गाउँपालिका–२ थालीका स्थानीयबीच विवाद सुरु भएको थियो । विवादमा कुटपिट र झडप हुँदा स्थानीय घाइतेसमेत भएका थिए ।


## युएइमा रोजगार

कम्पनी : DESCON ENGINEERING

पूर्व स्वीकृति मिति : २०८२/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 328769 | चलानी नं. ६०२४२५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 1000 | ४१,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fitter | 50 | 0 | 1300 | ५३,७६५ | | | | | | | |
| 3 | Riggers | 50 | 0 | 1200 | ४९,६३० | | | | | | | |
| 4 | Scafolder | 50 | 0 | 1300 | ५३,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Hotel Seven Star & Banquet Bajrang Chowk Janakpur Dham-8 (Near Janaki Temple) धनुषा, जनकपुरमा मिति २०८३ असार ३ गते (17th June 2026) मा हुनेछ । Seagull International Technical Training Center, काठमाडौं, बुढानिलकण्ठ, प्रगती टोल, ज्योतीनगर रोडमा मिति २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
Sukedhara, Kathmandu, Nepal, Tel:01-4375822/4375824, Mob:9841781155, 9808818851, 9851015421,9816060051, E-mail:cm.seagull55@gmail.com, Web:www.seagullnepal.com.np

## साउदीमा रोजगार

कम्पनी : MAJID ABDULAZIZ BIN AKRESH CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ | LT. No. 338043 | चलानी नं. ६०२५१५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaning Worker | 1 | 0 | 1000 | ४०,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office And Facilities Cleaning Worker | 3 | 0 | 1000 | ४०,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १ गते (15th June 2025) मा हुनेछ ।

नोट : यो LT No. 338043 को Majid Abdulaziz Bin Akresh Contracting Est. कम्पनीको विज्ञापन मिति २०८३ जेठ २५ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुट्न गएकोले आज मिति २०८३ जेठ २६ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम इजाजत नं. १३०५/०७४/०७५

## कतारमा रोजगार

कम्पनी : MISSION GENERAL CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/०८/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ | LT. No. 333892 | चलानी नं. ६०२४७६१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster | 2 | 0 | 1100 | ४५,९३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 4 | 0 | 1000 | ४१,७५५ | | | | | | | |
| 3 | Electrician (Grade II) | 1 | 0 | 1200 | ५०,१०५ | | | | | | | |
| 4 | Construction Carpenter Asst | 1 | 0 | 1100 | ४५,९३० | | | | | | | |
| 5 | Carpenter | 2 | 0 | 1100 | ४५,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १ गते (15th June 2025) मा हुनेछ ।

नोट : यो LT No. 333892 को Mission General Contracting Wll कम्पनीको विज्ञापन मिति २०८३ जेठ २५ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुट्न गएकोले आज मिति २०८३ जेठ २६ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


License No. : 646/063/064

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Dhana Kumari Lama 9851219835
Deepak Khatiwada 9861854817, Email : info@career-intl.com, Website : www.career-intl.com

## मलेसियामा रोजगार

कम्पनी : VITAL FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 332890 | चलानी नं. ६०२४६५८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 93 | 0 | 1700 | ६३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WAN AN SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343108 | चलानी नं. ६०२५६४२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 2 | 0 | 1700 | ६३,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GREEN POINT WORLD

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343107 | चलानी नं. ६०२५६४२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 14 | 0 | 1700 | ६३,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २ गते (16th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

श्रम इजाजत नं. ११९७/०७३/०७४


## धान ब्लक संचालक समिति

गढी गा.पा. वार्ड नं. २ सुनसरी

### लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**प्रथम पटक सुचना प्रकाशित मिति : २०८३/०२/२६ गते**

यस समितिको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (ट्रयाक्टर) जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्थामा र परिमाणमा लिलाम बिक्रीका लागि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८३/०३/०१ गते) भित्र यस धान ब्लक समितिको कार्यालय, गढी -०२, सुनसरीमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ । तोकिएको बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । बोलपत्र फारम यस समितिको कार्यालय, गढी, सुनसरीबाट रू. ५००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार २ गते समितिको कार्यालय, गढी, सुनसरीमा दिनको ३:०० बजे खोलिने छ । बोलपत्र खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट सोही स्थान र समयमा खोलिने छ । सो स्थान र समयमा बोलपत्र दाताहरूलाई समेत उपस्थित हुन सूचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | सवारीको किसिम | सवारी रहेको स्थान | बनेको साल | दर्ता नं. |
|---|---|---|---|---|
| १ | महिन्द्रा एण्ड महिन्द्रा ली. कम्पनीको स्वराज ७४४ ४८HP च्यासिस नं. NAV53ACKCE26070, ईन्जिन नं. 43.3009/SAE08052 ट्रेक्टर | समितिको कार्यालय, गढी -०२, सुनसरी | २०१९ | को २ त. ९७७९ |

**द्रष्टब्य** : यस बिषयमा थप बुझ्न चाहेमा कार्यालय सयमभित्र समितिको कार्यालय गढी-०२, सुनसरीमा सम्पर्क गर्न सकिने छ ।

## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँकबढाबढ द्वारा लिलाम बिक्री गरिने बारेको दोश्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः२०८३/०२/२६

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटकपटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन, कालोसूचिमा राखिने बारेको ३५ दिने सूचना प्रकाशन तथा मिति २०८२/१२/१६ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिका र मिति २०८२।०१।०२ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा लिलाम डाँकबढाबढ द्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५(पन्ध्र) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, व्यक्तिगत जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखि दिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँकबढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँकबढाबढ द्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशील**

**धितो लिलाम बिक्रीहुने मिति : २०८३ साल अषाढ महिना १० गते**

सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा कार्यालय अत्तरीया, कैलाली

लिलामहुने कार्यालय/स्थानः कृषि विकास बैंक लि. शाखा कार्यालय क्याम्पसरोड, धनगढी।

**ग्राहकको विवरण**

**१.ग्राहकको नाम : भुवन एण्ड भाष्कर कन्ट्रक्सन** दर्ता भएको कार्यालय : जयपृथ्वी नगर कार्यपालिका, उद्योग विकाश शाखा, बझाङ्ग फर्मको दर्ता नं.९७३/०७४/७५

दर्ता मिति : २०७४-०६-२३ पान नं.६०७०३१२६५

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सरल ठेक्का कर्जा | भुवन एण्ड भाष्कर कन्ट्रक्सन | कैलाली | निगाली | ३ | ७ | ६४९४.३८ | |
| सरल ठेक्का कर्जा | भुवन एण्ड भाष्कर कन्ट्रक्सन | कैलाली | निगाली | ३ | ४० | २०३४.९६ | |
| सरल ठेक्का कर्जा | भुवन एण्ड भाष्कर कन्ट्रक्सन | कैलाली | निगाली | ३ | ४७ | ५७८६.९२ | |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| भुवन बहादुर सिंह | भिमदत्त न.पा.१७, कन्चनपुर | ७५१००१/४९४७ | कन्चनपुर/२०६५-१२-३० | गोरख बहादुर सिंह | दल बहादुर सिंह |

जमानत दिनेको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| बिजय मल्ल | बझाङ्ग १, रायल | ८२५२ | कन्चनपुर/ २०५४-०४-०३ | धन बहादुर मल्ल | मन्धीर मल्ल |

**२.ग्राहकको नाम : भक्त नन्द किराना पसल** दर्ता भएको कार्यालयः गोदावरी नगरपालकि, वा.नं.७ को कार्यालय कैलाली फर्मको दर्ता नं. ३०

दर्ता मिति : २०७७-११-१९ पान नं. ६१५३९३१२०

लिलामहुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| व्यवसाय कर्जा | कृष्ण बहादुर चयडा | कैलाली | श्रीपुर | ३ | ८१ | १६९३.१६ | सोमा बनेको घर समेत |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबुको नाम | पतिको नाम |
|---|---|---|---|---|---|
| विस्ना देवी चयडा | गोदावरी ७, लालपुर | २/८६१८(०५३) | डोटी/२०५३-०६-१७ जिल्ला प्रशासन कार्यालय | बिरभान ठकुल्ला | कृष्ण बहादुर चयडा |

**शर्तहरु :**

१) धितो लिलाम डाँकबढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन)जना ब्यक्ति/संस्थाहरुले भागलिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क राखि जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतःजफतहुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबीगर्न पाईने छैन।
६) डाँकबढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाहीहुने छैन।
८) लिलाम सदर भएपश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्णराजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्र खरिद कर्ता लेनै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोलगर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जवाफदेही बन प्रधानमन्त्री

प्रधानमन्त्री वालेन्द्र शाहले यही १७ जेठमा दिएको सीमासम्बन्धी विवादित अभिव्यक्तिले देशको राजनीति तरंगित छ । सीमा र राष्ट्रियताजस्तो संवेदनशील विषयमा आएको उनको अभिव्यक्ति अपरिपक्व, बेढंगी र राष्ट्रघाती हो । देशको सार्वभौमिकता जोडिएको मामिलामा प्रधानमन्त्रीको तहबाट यस्तो तथ्यहीन अभिव्यक्ति आउनु सामान्य होइन । उनले संसद्को रोस्ट्रमबाट भनेका थिए, 'नेपालले पनि भारतको जग्गा धेरै ठाउँ मिचेको रहेछ ।' यो कुनै बेवास्ता गर्न मिल्ने टिप्पणी होइन ।

विपक्षीहरूले सदनबाटै प्रधानमन्त्रीले जनतासँग माफी मागून् भनिरहेका छन् । नमागुञ्जेलसम्म संसद् अवरोध जारी रहने चेतावनी दिएका छन् । यही बुझेर सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सोमबार सर्वदलीय बैठक बोलाए । बैठकमा सबै विपक्षी दलको एउटै स्वर थियो–संसद्बाटै क्षमायाचनासहित माफी । विपक्षी दलहरूले १७ जेठमै क्षमायाचनासहित माफी प्रधानमन्त्रीले माग्नुपर्ने अडान लिएका थिए ।

यता प्रधानमन्त्री शाह माफी माग्न त के संसद्मा आउन नै तयार छैनन् । यसको प्रत्यक्ष प्रभाव संसद् बैठकमा परेको छ । बजेटमाथिको छलफल अवरुद्ध भएको छ । प्रधानमन्त्रीले कुन तथ्यमा आधारित थियो भन्ने बताएका छैनन् । पुष्टि हुनेगरी कुनै आधिकारिक दस्तावेज सार्वजनिक गरेका छैनन् । यसले झन् शंका बढाएको छ ।

यदि, प्रधानमन्त्रीसँग प्रमाण छ भने राष्ट्रलाई देखाउनुपर्छ । प्रमाण छैन भने अभिव्यक्ति सच्याउनुपर्छ । जनतासँग माफी माग्नैपर्छ । लोकतन्त्रमा यही अभ्यास प्रचलित छ । यही राजनीतिक संस्कार हो । गल्ती स्वीकार गर्नु कमजोरी होइन, त्यो जिम्मेवारीबोध हो ।

राष्ट्रियतासँग जोडिएको सवालमा विपक्षी दलहरूले खबरदारी गर्नु स्वाभाविक हो । यो उनीहरूको जिम्मेवारी पनि हो । तर प्रश्नको जवाफ दिनै नचाहने प्रधानमन्त्री शाहको प्रवृत्ति सीधा गैरजिम्मेवार ठहरिन्छ । त्यसैले संस्मा जारी अवरोध हटाउने भनेको उनै प्रधानमन्त्री स्वयं उपस्थित भएर जवाफ दिनु हो । मौनता समाधान होइन । मौनता झन् समस्या हो । मौनताले अविश्वास बढाउँछ, विवाद लम्ब्याउँछ । त्यसैले मौन बसेर संसद्लाई बन्धक नबनाइयोस् ।

प्रधानमन्त्रीले बुझ्नुपर्छ, संसद् सरकारको विपक्षी होइन । संसद् लोकतन्त्रको सर्वोच्च राजनीतिक मञ्च हो । त्यहाँ उठेका प्रश्नको उत्तर दिनु सरकारको कर्तव्य हो । प्रधानमन्त्रीको झन् ठूलो दायित्व हो । सीमासम्बन्धी विषयमा राष्ट्र संवेदनशील छ । नेपाली जनताको भावना जोडिएको छ । यस्तो विषयमा आएका अभिव्यक्तिको व्याख्या र स्पष्टीकरण अनिवार्य हुन्छ । त्यसबाट प्रधानमन्त्री भाग्न मिल्दैन । उनले राजनीतिमा आउँदा जवाफदेहिता र पारदर्शिताको कुरा गरेका थिए । पुराना राजनीतिक प्रवृत्तिको आलोचना गरेका थिए । जनताले पनि त्यही आशा गरेका थिए । आज त्यही मापदण्ड उनैमाथि लागू भएको छ ।

लोकतन्त्रमा लोकप्रियतामात्र पर्याप्त हुँदैन । उत्तरदायित्व पनि चाहिन्छ । आलोचना सहने क्षमता पनि चाहिन्छ । संसद्को सामना गर्ने साहस पनि चाहिन्छ । देश अहिले अनावश्यक विवादमा अल्झिएको छ । संसद् अवरुद्ध छ । बजेटमाथिको बहस प्रभावित छ । कानुन निर्माणको प्रक्रिया रोकिएको छ । यो अवस्था लामो समयसम्म रहनु हुँदैन । त्यसैले प्रधानमन्त्रीले अब ढिला गर्नु हुँदैन । संसद्मा आउनुपर्छ । आफ्नो भनाइको आधार प्रस्तुत गर्नुपर्छ । प्रमाण छ भने देखाउनुपर्छ । छैन भने सच्याउनुपर्छ । आवश्यक परे देशवासीसँग माफी माग्नुपर्छ ।

# सांस्कृतिक कूटनीतिको नयाँ अध्याय



❑ डिल्लीराज पौडेल

विश्व आज अभूतपूर्व प्रविधिगत परिवर्तनको युगबाट गुज्रिरहेको छ । कृत्रिम बुद्धिमत्ता, डिजिटल जडान, स्वचालन तथा वैज्ञानिक नवप्रवर्तनले मानव जीवनलाई नयाँ उचाइमा पुर्‍याइरहेका छन् । तर यही समयमा मानवता मानसिक तनाव, सामाजिक एक्लोपन, भावनात्मक असन्तुलन तथा आध्यात्मिक रिक्तताको चुनौतीसँग पनि संघर्ष गरिरहेको छ । आर्थिक समृद्धि विस्तार भइरहेको छ, तर आन्तरिक शान्ति र जीवन सन्तुष्टिको खोज अझ गहिरो बन्दै गएको छ ।

यस्तो विश्व परिवेशमा राष्ट्रहरूको प्रभाव केवल आर्थिक, सैनिक वा प्राविधिक क्षमतालेमात्र निर्धारण हुने अवस्था छैन । संस्कृति, मूल्य, जीवनदर्शन, विश्वास, मानवीय सम्बन्ध तथा नागरिक सहभागिताले पनि अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वव्यापी प्रभाव निर्माणमा निर्णायक भूमिका खेल्न थालेका छन् । यही सन्दर्भमा नागरिक कूटनीति आज राज्य केन्द्रित कूटनीतिलाई पूरकमात्र होइन, धेरै अवस्थामा दिशानिर्देशक शक्तिका रूपमा उदाउँदै गएको छ ।

नेपालसँग विश्वलाई दिने एउटा विशिष्ट सभ्यतागत सन्देश छ । गौतमबुद्धको जन्मभूमि, हिमालयको काख, विविध संस्कृति र सहअस्तित्वको परम्परा, योग, ध्यान, आयुर्वेद तथा प्रकृतिसँग सन्तुलित जीवन दर्शनले नेपाललाई शान्ति, चेतना, करुणा र समग्र स्वास्थ्यको केन्द्रका रूपमा स्थापित गर्ने अद्वितीय आधार प्रदान गरेका छन् । त्यसैले 'नेपाल वेलनेस वर्ष २०२७' लाई केवल पर्यटन प्रवर्द्धन कार्यक्रमका रूपमा होइन, नेपालको सांस्कृतिक कूटनीति, नागरिक कूटनीति, सौम्य शक्ति विस्तार तथा विश्व शान्तिमा रचनात्मक योगदान पुर्‍याउने दीर्घकालीन राष्ट्रिय अभियानका रूपमा हेर्न आवश्यक छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नेपालको पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, आवश्यक पूर्वाधार तथा कार्यक्रमहरू विकास गर्ने तथा नेपाललाई समग्र स्वास्थ्य, आध्यात्मिक अनुभव र दिगो जीवनशैलीको वैश्विक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य अगाडि सारेको छ । यसले 'नेपाल वेलनेस वर्ष २०२७' लाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा औपचारिक मान्यता दिएको संकेत गर्दछ । यस पृष्ठभूमिमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वर्ष होइन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य, अन्तरसभ्यतागत संवाद, नागरिक कूटनीति र मानवीय सहअस्तित्वको वैश्विक केन्द्रका रूपमा पुनर्स्थापित गर्ने ऐतिहासिक अवसर हो । यस लेखले सोही सम्भावना, चुनौती र अवसरहरूको कूटनीतिक तथा नीतिगत विश्लेषण प्रस्तुत गर्दछ ।

### सभ्यतागत शक्ति र समग्र स्वास्थ्य कूटनीतिको उदय

नेपालको अन्तर्राष्ट्रिय पहिचान केवल भौगोलिक सीमाभित्र सीमित एक राष्ट्रको परिचयमात्र होइन, यो एक गहिरो सभ्यतागत निरन्तरता हो । हिमाल, पहाड र तराईको भौगोलिक विविधताभन्दा पनि बढी महत्त्वपूर्ण कुरा यहाँ विकसित भएको चेतनात्मक, सांस्कृतिक र दार्शनिक परम्परा हो, जसले नेपाललाई पूर्वीय सभ्यताहरूको संगम र जीवित प्रयोगशालाका रूपमा स्थापित गरेको छ । पूर्वीय दर्शनका बहुआयामिक धाराहरू, ध्यान तथा साधनाको परम्परा, प्रकृतिसँगको गहिरो सहअस्तित्व र बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक सहजीवनले नेपाललाई केवल एक राजनीतिक भूगोल होइन, एक जीवित सभ्यतागत संरचनाका रूपमा प्रस्तुत गर्दछ ।

नेपालको यो सभ्यतागत विशेषता स्थिर वा ऐतिहासिकमात्र होइन, निरन्तर अभ्यासमा रहेको जीवनदर्शन हो । यहाँको सामाजिक जीवन, धार्मिक सहिष्णुता, सांस्कृतिक उत्सवहरू र दैनिक जीवनशैलीमासमेत प्रकृति, चेतना र सहअस्तित्वको गहिरो सम्बन्ध देखिन्छ । यही कारणले नेपाललाई जीवित सांस्कृतिक प्रयोगशालाका रूपमा बुझ्न सकिन्छ, जहाँ विविधता विभाजनको कारण होइन, सहअस्तित्वको आधार बनेको छ । समकालीन विश्वमा समग्र स्वास्थ्य अब व्यक्तिगत स्वास्थ्य अभ्यासको सीमाभित्र मात्र सीमित छैन । यो अब विश्वव्यापी अर्थतन्त्रको एक महत्त्वपूर्ण क्षेत्र, नीतिगत प्राथमिकताको केन्द्र र आधुनिक जीवनशैली रूपान्तरणको आधारभूत संरचना बनेको छ ।

योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरु समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्वका रूपमा स्थापित भइरहेका छन् ।

यही परिवर्तनशील विश्व सन्दर्भमा नेपालले समग्र स्वास्थ्य कूटनीतिलाई आफ्नो रणनीतिक राष्ट्रिय पहिचानका रूपमा विकास गर्न सक्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ । यो कूटनीति परम्परागत राज्य केन्द्रित कूटनीतिक संरचनाभन्दा फरक छ, किनकि यसले संस्कृति, समुदाय, नागरिक सहभागिता र चेतनास्तरलाई समेत अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणको आधार बनाउँछ । समग्र स्वास्थ्य कूटनीति केवल सरकारी नीति वा पर्यटन प्रवर्द्धनको उपकरणमात्र होइन, यो नेपालका सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई विश्वसँग जोड्ने बहुआयामिक पुल हो ।

नेपालको हिमालय केवल भौगोलिक संरचना होइन, यो विश्व चेतनामा शान्ति, स्थिरता र आत्मचिन्तनको प्रतीक हो । ध्यान परम्परा र बौद्ध दर्शनले आन्तरिक शान्ति, करुणा र मध्यमार्गको जीवनदर्शन प्रस्तुत गर्छन् । त्यस्तै योग साधना, आयुर्वेदिक परम्परा र प्रकृतिसँगको सहअस्तित्वले विकासलाई संरक्षण र सन्तुलनसँग जोड्ने दृष्टिकोण प्रस्तुत गर्दछ । यी सबै तत्वहरू मिलेर नेपाललाई यस्तो अद्वितीय सभ्यतागत स्थानमा उभ्याउँछन्, जहाँबाट विश्वलाई 'आन्तरिक सन्तुलनमार्फत बाह्य विकास' भन्ने वैकल्पिक विकास दृष्टिकोण प्रदान गर्न सकिन्छ ।

### सौम्य शक्ति र नागरिक कूटनीतिको संस्थागत रूपान्तरण

सौम्य शक्ति कुनै पनि राष्ट्रको सैन्य क्षमतामा वा आर्थिक प्रभुत्वमा मात्र आधारित हुँदैन । यसको मूल आधार कुनै राष्ट्रको सांस्कृतिक आकर्षण, नैतिक मूल्य, सभ्यतागत गहिराइ र विश्वसँग संवाद गर्नसक्ने भावनात्मक तथा वैचारिक क्षमता हो । यही कारणले आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धमा सौम्य शक्तिलाई दीर्घकालीन प्रभाव निर्माण गर्ने सबैभन्दा स्थायी माध्यमका रूपमा लिइन्छ । गौतम बुद्धको जन्मभूमि हुनु नेपालका लागि केवल ऐतिहासिक परिचयमात्र होइन, यो विश्वस्तरमा नैतिक र दार्शनिक प्रभाव विस्तार गर्ने अत्यन्त शक्तिशाली सभ्यतागत आधार हो ।

यससँगै हिमालयको प्रतीकात्मक शक्ति, धार्मिक सहिष्णुता, सांस्कृतिक सहअस्तित्व र विविध जीवनशैलीहरूको सजीव समन्वयले नेपाललाई शान्ति र सहअस्तित्वको जीवित सभ्यताका रूपमा स्थापित गरेको छ तर यस्तो सभ्यतागत सौम्य शक्तिलाई अन्तर्राष्ट्रिय प्रभाव र ठोस परिणाममा रूपान्तरण गर्न केवल राज्य केन्द्रित कूटनीति पर्याप्त हुँदैन । यसका लागि नागरिक कूटनीति निर्णायक र विस्तारकारी माध्यमका रूपमा स्थापित हुन्छ । नागरिक कूटनीतिले अन्तर्राष्ट्रिय सम्बन्धलाई सरकारको सीमित दायराबाट बाहिर निकाल्दै समाज, समुदाय, संस्था, युवा पुस्ता, शैक्षिक क्षेत्र, सांस्कृतिक अभियन्ता तथा प्रवासी नेपाली सञ्जालसम्म विस्तार गर्दछ । यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७' नागरिक कूटनीतिको एक संरचित राष्ट्रिय अभ्यासका रूपमा विकसित हुनसक्ने ऐतिहासिक अवसर हो । यस अभियानमार्फत योग प्रशिक्षक, ध्यान केन्द्र, विश्वविद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक समूह तथा प्रवासी नेपाली सञ्जालहरूलाई एकीकृत रूपमा परिचालन गर्न सकिन्छ । यस प्रकार नागरिक कूटनीति केवल सहयोगी संरचनामात्र होइन, यो सौम्य शक्तिलाई व्यवहारिक, संस्थागत र वैश्विक प्रभावमा रूपान्तरण गर्ने प्रमुख साधन हो ।

### आरोग्य पर्यटन, नीति रूपान्तरण र अन्तर्राष्ट्रिय अवसर

नेपाल सरकारले पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा पुनःपरिभाषित गर्ने नीति अघि सारेको छ । यो केवल शब्दगत परिवर्तनमात्र होइन, राष्ट्रिय विकास दृष्टिकोणमै देखिएको एक महत्त्वपूर्ण रूपान्तरण हो । यस नीतिले पर्यटन क्षेत्रलाई परम्परागत अवकाश र मनोरञ्जनमुखी दृष्टिकोणबाट बाहिर निकाल्दै स्वास्थ्य, कल्याण, पुनःस्थापना र समग्र जीवनशैली सुधारसँग जोड्ने प्रयास गरेको छ । यस नीति रूपान्तरणले नेपाललाई विश्व पर्यटन बजारमा केवल प्राकृतिक सौन्दर्यको गन्तव्यका रूपमा होइन, समग्र स्वास्थ्य, मानसिक पुनर्सन्तुलन र चेतनामूलक जीवनशैलीको केन्द्रका रूपमा प्रस्तुत गर्ने आधार तयार गरिरहेको छ । यसले नेपालको हिमाली क्षेत्र, ध्यान केन्द्र, योग परम्परा, आयुर्वेदिक उपचार प्रणाली तथा प्राकृतिक वातावरणलाई एकीकृत विकास संरचनासँग जोड्ने सम्भावना विस्तार गरेको छ ।

विश्वव्यापीरूपमा समग्र स्वास्थ्य अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ । अन्तर्राष्ट्रिय अध्ययनहरूले समग्र स्वास्थ्य पर्यटन विश्वकै तीव्र गतिमा बढिरहेका पर्यटन क्षेत्रहरूमध्ये एक रहेको देखाएका छन् । यस्तो पर्यटनमा सहभागी हुने यात्रुहरू सामान्य पर्यटकको तुलनामा लामो समय बस्ने, स्थानीय संस्कृति र समुदायसँग गहिरो रूपमा जोडिने तथा उच्च मूल्यका सेवा उपयोग गर्ने प्रवृत्ति राख्दछन् । यदि नेपालले आरोग्य पर्यटनलाई केवल आर्थिक गतिविधिका रूपमा सीमित नराखी यसलाई सभ्यतागत 'ब्राण्डिङ'को उच्चस्तरमा विकास गर्नसकेमा, यसबाट उच्च मूल्यको पर्यटन, अनुसन्धान तथा शैक्षिक सहकार्य, स्वास्थ्य सेवा प्रवर्द्धन र अन्तर ष्ट्रिय ज्ञान आदानप्रदानका नयाँ अवसरहरू सिर्जना हुन सक्दछन् । *रासस*

*(लेखक मलेसियाका लागि पूर्वनेपाली राजदूत हुन्)*

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।




✍ बैकुण्ठ भण्डारी



# म्यानपावरमा भिडन्त !

काठमाडौं सहर । देशको संघीय राजधानी । अनगिन्ती पेसा व्यवसाय यतै छन् । यही सहराँ भएका कुरालाई सरकारले पनि सुन्छ । त्यसैले वल्ला सुदूरपूर्वदेखि सुदूरपश्चिमका सबैको साझा चौतारी पनि हो । यही चौतारीमा बसेर यो वा त्यो नाममा राजनीतिक रंग पोत्नेहरू पनि धेरै भेटिन्छन् । कोही रातारात अर्बपति हुन्छन् अनि कोही झ्यालखानासम्म पनि पुग्छन् यही सहराँ ।

कुरा रह्यो रविबार अर्थात् आइतबारको । गौशालानजिकै बत्तीसपुतली मार्गमा बिहानैदेखि निकै चहलपहल थियो । न त अहिले शिवरात्री छ । न त अहिले कुनै पर्व वा महायज्ञ नै लगाइएको छ । तर पनि सो क्षेत्रमा चहलपहल थियो । त्यो चहलपहल पशुपतिनाथ दर्शन गर्न आउने भक्तजनभन्दा धेरै त सुट-बुट लगाएका, मोबाइलको रिङ कानमा झुण्ड्याएका तर हातमा दुई-चारवटै मोबाइल बोकेका मानिसहरूको भीड देखिन्थ्यो ।

मटचांग्रोले टाढैबाट हेरेर सोच्यो, 'आज पशुपतिमा कुन नयाँ पर्व परेछ ?' अलि नजिकै गयो । नजिक पुगेपछि थाहा भयो, पर्व त होइन, म्यानपावर व्यवसायहीरूको नेता छान्ने दिन पो रहेछ । ठाउँ पनि गज्जबको, 'अनुपम फुडल्याण्ड' । नाम सुन्दा खानाको होटल, तर त्यहाँ युवा बेरोजगारहरूलाई विदेशमा पठाएर, उडुसले रगत चुसेजस्तै गरी लिएको पैसोबाट नेता छान्ने अनि मासुभात डकार्ने र अंगुर, स्ट्राबेरी, स्याउलगायतका अनगिन्ती वस्तुको रसले कुल्ला गर्ने भान्सा चलेको पनि थियो ।

त्यत्तिकैमा मदन भेटिए ।

'ए मटचांग्रो ! कहाँ हिँडिस् ?'

'म त पशुपति दर्शन गर्न आएको थिएँ, यहाँको चहलपहल देखेर यतै रमितामा अलमलिएँ । आजलाई यतै अर्को पशुपति भेटियो ।'

'कसरी ?' मदनले सोध्यो ।

'यहाँ पनि भक्तहरू छन्, यहाँ पनि प्रसाद बाँडिन्छ, यहाँ पनि वरदान पाइन्छ । फरक यत्ति हो, उता भगवान्ले मोक्ष दिन्छन्, यता चुनाव जितेपछि भिसाको कोटा दिन्छन् ।'

मदन हाँस्यो, 'त्यो त हो नि !'

कांग्रेसको टिकटबाट एमालेको झण्डासम्म मटचांग्रोले भीडतिर औंला देखायो, 'त्यो अगाडिको मान्छे चिन्छस् ?'

'चिन्छु ।'

पहिले त कांग्रेसको उम्मेदवार भएर जितेको होइन भन्या ?'

'हो,' मदनले जवाफ दियो ।

'अनि आज एमालेबाट किन चुनाव लडेको ?,' फेरि मटचांग्रोले सोध्यो ।

'लोकतन्त्र हो...,' मदनले भने ।

मटचांग्रोले फेरि सोध्यो, 'लोकतन्त्र कि लोभतन्त्र ?'

मदन खिस्स हाँसे, र भने, 'हिजो जुन पार्टीको झण्डा बोकेर म्यानपावरलाई मर्यादित बनाउँछु भनेर कसम खाएको थियो, आज अर्को पार्टीको झण्डा बोकेर 'नेता भएर व्यवसायको सेवा' गर्न तयार भयो कुरा खत्तम ।' मटचांग्रोले टाउको हल्लायो । 'नेपालमा पार्टी परिवर्तन गर्नुभन्दा मोबाइलको सिम परिवर्तन गर्न गाह्रो होला ।'

मटचांग्रोले भन्यो, 'मदन, मलाई एउटा कुरा बुझाइदे त ।'

'के ?,' मदनले सोध्यो ।

'सरकारले फ्रि भिसा, फ्रि टिकट भनेको होइन ?' मदनको जवाफ आयो, 'हो ।' 'दश हजारभन्दा बढी लिन पाइँदैन भनेको होइन ?' 'हो ।' 'अनि गाउँको कृष्णबहादुर खत्री कतार जाँदा तीन लाख कसरी तिर्‍यो ?' मदनले अलमल्ल पर्‍यो अनि भन्यो, 'त्यो नेपालको महत्त्वपूर्ण गणित हो ।'

'कस्तो गणित ?,' मटचांग्रोले प्रश्न गर्‍यो ।

'कागजमा १० हजार, व्यवहारमा तीन लाख,' मदनले उत्तर दियो । 'वाह ! क्या गज्जबको काइदा । कागजमा निःशुल्क, व्यवहारमा शुल्क ।'

'अनि सरकार ?'

मदनले भन्यो, 'सरकारलाई कागजमा ठ्याक्क मिलाएर नियमअनुसार जान्छ ।'

'अनि कामदार नि ?'

मदनले हाँस्दै भन्यो, 'ऊ विदेश पुगेर ऋण तिर्छ ।' मटचांग्रोले लामो सुस्केरा हाल्यो । अनि बोल्यो, 'नेपालमा कानुन किताबमा बस्छ, व्यवहारमा दलाल बस्छ । पाँच हजार कमिसन खाने एजेण्ट मालिक बन्छ । कठै ! मेरो देश, अनि मेरा दाजुभाइहरू ।'

उता चुनावी माहोल झन् तातिरहेको थियो । प्यानलअनुसार मत मागिरहेका थिए । मटचांग्रोले एउटा चम्किलो गाडीबाट ओर्लेको मान्छे देखायो । अनि मदनलाई सोध्यो, 'त्यो मान्छे पनि म्यानपावर मालिक हो ?

'हो त ।'

'ए, मैले त यसलाई १० वर्षअघि गाउँमा एजेण्टको रूपमा चिनेको । मान्छे विदेश पठाइदिन्छ भन्थे । गाउँमा झल्याकझुलुक्क देखिन्थ्यो केटाहरू उसकै पछि लाग्थे ।' 'ठीकै सम्झिस् । त्यो बेला पाँच हजार कमिसन खान्थ्यो त्यसले,' मदनले स्मरण गरायो, 'अहिले पाँच करोडको घर छ ।' मटचांग्रो ट्वाँ ! जिब्रो काट्दै भन्यो, 'यति छिटो ?' मदनले भने, 'नेपालमा दुई व्यवसायले चमत्कार गर्छन् ।' 'कुन ?' निकै उत्सुकता पूर्वक मटचांग्रोले सोध्यो । मदनले झट्टपट्ट उत्तर दिए, 'मान्छे बेच्ने र सपना बेच्ने ।'

मटचांग्रो हाँस्यो ।

'म्यानपावरले मान्छे बेच्ने, कन्सल्टेन्सीले सपना बेच्ने,' मदनले मटचांग्रोलाई सम्झाए । 'ए मदन, अहिले नेपालमा कन्सल्टेन्सी र म्यानपावरबीच के फरक छ ?,' मटचांग्रोले सोध्यो । 'हात्ती र हात्तीछाप चप्पल भनेजस्तै । दुवैको काम कमिसन लिने, मान्छे विदेश पठाउने,' मदनले जवाफ दिए । 'त्यो कसरी ? नाम फरक, उस्तै काम कसरी ?' 'एकथरीले विद्यार्थी पठाउँछु भन्छन् । अर्काथरीले कामदार पठाउँछु भन्छन् । अन्त्यमा, दुवैले युवायुवती नै निर्यात गर्छन् ।'

मदन हाँस्न थाल्यो ।

'ठीकै हो,' मटचांग्रोले सहमति जनाउँदै भन्यो । 'देशमा उद्योग छैन । रोजगारी छैन । तर मान्छे सप्लाई गर्ने उद्योग विश्वस्तरीय छ,' मदनले फेरि ढाडस दिँदै भने, 'नेपालको सबैभन्दा सफल उत्पादन भनेकै नेपाली नागरिक नै हुन् जति पनि निर्यात गर्न सकिन्छ ।' दुवै सडकको किनारामा महानगरले रोपेको शमीको रुखमुनि बसेर कुरा गर्दै थिए । मानिस निर्यात गर्ने साहुहरूको ओहोरदोहोर चलिरहेको थियो चिल्लाचिल्ला गाडीमा ।

भित्र निर्वाचनमा तीन गुट भिडिरहेका थिए । पहिलो गुटले आफूलाई सुधारवादी भनिरहेको थियो । दोस्रोले आफूलाई व्यवसाय बचाउने पक्ष भनिरहेको थियो । तेस्रोले आफूलाई वास्तविक व्यवसायी भनिरहेको थियो । मटचांग्रोले मदनलाई सोध्यो, 'यी तीन गुटबीच फरक के छ ?' मदनले उत्तर दियो, 'पोस्टर, रङ, नारामात्र ।'

'अनि उद्देश्यचाहिँ छैन ?'

'त्यो त भन्नै पर्दैन । सबैको एउटै हो । कसरी हुन्छ कुर्सी समात्ने ।' त्यत्तिकैमा मटचांग्रोले मदनलाई भन्यो, 'बुझिस् मदन, म्यानपावर सुधार्ने हो भने एउटा काम गर्नुपर्छ ।'

मदनले उत्सुक हुँदै सोध्यो, 'के ?'

'सम्पत्ति छानबिन । म्यानपावर व्यवसायी, अनि श्रम विभागमा अहिलेसम्म काम गरेका कर्मचारीको पनि सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्‍यो भने सबै खुल्छ ।'

मदन झस्कियो, 'किन ?'

मटचांग्रोले भन्यो, 'किनकि, चमत्कार धेरै भएको छ । हिजो साइकल, आज प्राडो । हिजो कोठा भाडा, आज पाँचतले घर । हिजो एजेण्ट, आज उद्योगपति ।' मदनले टाउको हल्लायो, 'त्यो त हो ।' फेरि मटचांग्रो बोल्यो, 'अब जनताले पनि थाहा पाउनुपर्छ ।'

मदनले भन्यो 'के ?'

'यो सम्पत्ति पसिनाले बनेको हो कि पासपोर्टले ?,' मटचांग्रो फेरि बोल्यो । 'साँच्चै ।' 'विद्यालयबाट निस्कियो कन्सल्टेन्सी । कलेज सकियो, विदेश । काम खोज्यो, म्यानपावर । सरकारी जागिर खोज्यो, लोकसेवा तयारी । अनि नपाएपछि फेरि विदेश,' अब के हुन्छ त मदन ?

मदनले भन्यो, 'उम्मेदवारहरू मतदाता खोजिरहेका थिए । मतदाताहरू उम्मेदवार खोजिरहेका थिए । सबैले सबैलाई चिन्छन् । सबैले सबैको इतिहास पनि जान्दछन् । हिजो कसले के गर्‍यो भन्ने कसैले सम्झँदैन । आज कसले के वाचा गर्‍यो भन्नेमात्र सुन्छ ।'

मटचांग्रोले हाँस्दै भन्यो, 'उता जिल्ला जिल्लामा पार्टीका कार्यकर्ता पदका लागि भिडिरहेका छन् । यता म्यानपावरका साहुहरू पदका लागि भिडिरहेका छन् ।'

परिवर्तन । सुधार । पारदर्शिता । सुशासन । अनि जितेपछि ?

अनुपम फुडल्याण्डको चुनावी उत्साह पनि विस्तारै सेलाउँदै थियो । मटचांग्रोले भन्यो, 'म्यानपावर व्यवसाय नराम्रो होइन । विदेश जाने कामदार पनि अपराधी होइनन् । अपराध त शोषण हो । कानुन एउटा, व्यवहार अर्को हुनु अपराध हो । फ्रि भिसा, फ्रि टिकट भनेर लाखौं असुल्नु अपराध हो । विदेश जाने युवालाई ग्राहक होइन, नागरिक ठान्नुपर्छ ।'

मदन केहीबेर मौन रह्यो अनि मुस्कुराउँदै भन्यो, 'मटचांग्रो, तैँले धेरै ठूलो कुरा गरिस् । सरकार अभिभावक बनोस् अनि युवाहरूलाई सहज रोजगारको व्यवस्था गरोस् । ल म गएँ भित्र । तँ पनि पशुपति दर्शन गर्न जा ।'

दुवै आ-आफ्नो बाटो लागे ।

# श्रमदान गरी काठे पुल निर्माण



**सिमकोट, (हुम्ला)–** हुम्लाको दक्षिण भेगमा रहेको चंखेली गाउँपालिका-५ नेप्का गाउँ नजिकैको मुस्याँडा खोलाको नदीमा स्थानीयले आफ्नै श्रमदानमा काठे पुल निर्माण गरेका छन् । सम्बन्धित निकायलाई पटक-पटक मुस्याँडामा रहेको नदीमा वारपार गर्नका लागि झोलुंगे पुल निर्माणका लागि अनुरोध गरे पनि स्थानीय जनप्रतिनिधिले चासो नदेखाएपछि स्थानीयले आफ्नै पहलमा श्रमदान गरी उक्त काठे पुल निर्माण गरेका हुन् ।

नेप्कागाउँबाट करिब दुई घण्टाको दूरीमा पर्ने मुस्याँडा खोलामा रहेको काठे पुल निर्माण सम्पन्न भएको छ । सरोकार भएका निकाय, स्थानीय तहलगायतले पुल निर्माणमा चासो नदेखाएपछि नेप्कागाउँबासीले तीन श्रमदान गरी काठेपुल बनाएका स्थानीय जसबहादुर तामाङले बताए । उनका अनुसार उक्त नदीमा पुल नहुँदा चीनको सिमाना टाँकेनाका पुग्नलाई समस्या हुने गरेको थियो ।

'टाँकेनाका नेपाल र चीनको व्यापारिक नाका हो । उक्त नाकाबाट चीनमा पुग्न र चंखेली गाउँपालिकाका बासिन्दालाई केही सामग्री ल्याउनसमेत सहज हुने गरेको थियो,' स्थानीय तामाङले भने । पटक-पटक गाउँपालिकालाई यस क्षेत्रमा झोलुंगे पुल निर्माणको पहल गरिदिन आग्रह गरे पनि सुनुवाइ नभएपछि गाउँलेले श्रमदानमार्फत काठको पुल बनाएका उनको भनाइ छ ।

गाउँलेले घाँसदाउरा ओसार्ने, पशुचौपाय चरिचरन गर्ने वनजंगल पुलपारि पर्ने भएकाले पुल नहुँदा स्थानीयले समस्या भोग्दै आएका थिए । स्थानीयले फलामे र पक्की पुलको सपना वर्षौंदेखि देखे पनि सरोकार भएका निकायबाट पहल नहुँदा कागजमा सीमित बनेको स्थानीय तामाङले गुनासो गरे । उनका अनुसार तीनदिन लगाएर निर्मित काठे पुलबाट शनिबारदेखि आवतजावत गर्न थालिएको छ ।

'यसअघि यहाँ पुल नहुँदा उक्त खोलामा ज्यान जोखिम मोल्दै वारपार गर्नुपर्ने बाध्यता थियो । पुल निर्माणमा जुटेका नागरिकले कसैले काँधमा काठ बोकेका छन् भने कसैले डोरी तानेर आफ्नो श्रमदान गरेका छन् । विकासको आशामा धेरै वर्ष बिते, धेरै वाचा सुनिए, तर पुलका लागि बजेट सुनिश्चित हुन सकेन,' तामाङले भने । अन्ततः आफ्नै संघर्ष र एकताले काठे पुल निर्माण गरी जनजीन सहज बनाइएको स्थानीयको भनाइ छ । *रासस*

# लुम्बिनी सरकारका नवनियुक्त पाँच मन्त्रीले लिए शपथ



**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रदेश सरकारमा नवनियुक्त पाँच जना मन्त्रीले शपथ लिएका छन् । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरसमक्ष सोमबार उनीहरूले पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

लुम्बिनी प्रदेश सरकारकोमन्त्रिपरिषद्पुनर्गठनसँगै सोमबार बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा आयोजित समारोहमा प्रदेश प्रमुख घर्तीमगरले नवनियुक्त पाँच जना नवनियुक्त मन्त्रीलाई शपथ दिलाए । शपथ लिनेमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री तुलसीप्रसाद चौधरी, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री डिल्लीराज भुसाल, स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरे, भौतिक पूर्वाधार विकासमन्त्री रत्नबहादुर खत्री र आन्तरिक मामिला तथा कानुनमन्त्री भण्डारीलाल अहिर रहेका छन् ।

मुख्यमन्त्री चेतनारायण आचार्यको सिफारिसमा नेपालको संविधानबमोजिम मन्त्रिपरिषद् पुनर्गठन गरिएको हो । पुनर्गठित मन्त्रिपरिषद्मा नेकपा एमालेबाट चार र जनता समाजवादी पार्टीबाट एक जना नयाँ मन्त्री भएका छन् ।

शपथ ग्रहण समारोहमा मुख्यमन्त्री आचार्य, पूर्वमुख्यमन्त्री जोखबहादुर महरा, सभामुख तुलाराम घर्तीमगर, उपसभामुख मेनुका खाँड केसी सहभागी थिए ।

# यार्सागुम्बा सिजनमा सुनसान बने उत्तरी गोरखाका गाउँ

**गोरखा–** यतिबेला जिल्लाको तिब्बती सिमानामा रहेका गाउँबस्ती सुनसान छन् । सबै गाउँले यार्सागुम्बा संकलन गर्न लेक गएपछि लेक र खर्कका चहुर, भीर पखेरा गाउँलेले भरिभराउ छन् ।

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१ को सामागाउँ, साम्दो तथा वडा नं. ७ छेकम्पारका घरहरूमा तला ठोकिएका छन् । वडा नं. १ को ३४, २५ र २६ नं पिलर रहेका लेक तथा खर्कहरू गाउँलेहरूले खचाखच भएको स्थानीयको भनाइ छ । त्यस्तै वडा नं. ७ को छेक्या र भाज्यो लेकमा पनि गाउँलेहरू पुगेको वडाअध्यक्ष टासीदोर्जे लामाले बताए ।

समुद्री सतहदेखि चार हजार ६५ मिटर उचाइमा रहेको भाज्यो लेक पुग्न छेकम्पारबाट छ घण्टाभन्दा धेरै पैदल हिंड्नुपर्छ । त्यहाँ अहिले छेकम्पारको ङाक्यू, लेरु, लामागाउँ, लार, फुर्पे र निले गाउँका बासिन्दाहरू अस्थायी शिविर बनाएर बसोबास गर्छन् ।

समुद्री सतहबाट चार हजार १६५ मिटर उचाइमा अवस्थित छेक्या लेकमा भने छेकम्पार, झोङ र बुर्जी गाउँका बासिन्दाहरू त्रिपाल टाँगेर अस्थायी बसोबास गरेको वडाध्यक्ष लामाले जानकारी दिए । त्यसैगरी चारहजार मिटरभन्दा अग्लो फुचुन लेकमा छुले गाउँका ४५ घरधुरीको अस्थायी बसोबास रहेको उनको भनाइ छ ।

वडा नं. ७ का सबै गाउँका ८१२ घरधुरीका बासिन्दाहरू अहिले यिनै लेकमा यार्सागुम्बा संकलन गर्न व्यस्त छन् । महिला, बालबालिका, वृद्धवृद्धा तथा युवाहरू सबै बिहान ८ बजे शिविरबाट निस्कने, दिनभर यार्सागुम्बा संकलन गर्ने र साँझ ६ बजे बल्ल शिविर भित्रिने गर्छन् ।

यतिबेला चुमनुब्री-७ का गाउँ पनि सुनसान छ । वडाध्यक्ष टासीदोर्जेले केही घरमा बूढाबूढीमात्रै रहेको र अधिकांश घर खाली भएको बताए । कसैले भने रोङ्वा (तल्लोभेगका) लाई मासिक तलब दिएर घर कुरुवा राखेको उनको भनाइ छ । चुमनुब्री-३ फिलिम, पाङसिङतिरका महिलालाई मासिक २० हजार रूपैयाँ तलब दिएर दुई महिनाका लागि घर कुरुवा राखिएको उनले जानकारी दिए ।

गाउँलेहरू बिहान सबेर क्याम्पबाट निस्केर साँझ अबेर क्याम्पमा छिर्छन् । 'बिहान खाना खाइवरी ८ बजे यार्सा टिप्न जाने र साँझ ६ बजेपछि मात्रै क्याम्पमा आइपुग्छन्,' केही समयअघि भाज्यू, छेक्यार र फुचुन लेक पुगेर फर्किएका मनास्लु संरक्षण क्षेत्र आयोजनाका कर्मचारी सुवास नेपालले बताए । *रासस*

# महेन्द्र राजमार्गको अतिक्रमित जमिन खाली गर्न आग्रह

**महेन्द्रनगर (प्रस)–** यहाँस्थित स्वीकृतिविना अस्थायी/स्थायी घरटहरा निर्माण गर्नेलाई सार्वजनिक जग्गा खाली गर्न आग्रह गरिएको छ । कञ्चनपुरको गड्डाचौकीदेखि कैलालीको चिसापानीसम्म पूर्व-पश्चिम महेन्द्र राजमार्गको अतिक्रमित करिब ८० प्रतिशत जमिन तत्काल खाली गर्न सडक विभागले आग्रह गरेको हो ।

सडक सीमा अतिक्रम गरी निर्माण भएका संरचना नहटाए सार्वजनिक सडक ऐन २०३१ को दफा १९ को उपदफा (३) बमोजिम हटाइने र सो कार्यबापत लाग्ने खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल उपर गर्ने व्यवस्था छ ।

सडक डिभिजन कार्यालय महेन्द्रनगरले १५ दिने सूचना जारी गरी सडक सीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँबायाँ कायम रहेको जनाउँदै सार्वजनिक जमिन खाली गर्न आग्रह गर्दै आएको सडक डिभिजन कार्यालय महेन्द्रनगरका प्रमुख राजेशकुमार यादवले जानकारी दिए ।

गड्डाचौकीदेखि चिसापानी सम्मको १२६ किलोमिटर खण्डको धेरै ठाउँमा लामो समयदेखि अस्थायी टहरा, प्रतीक्षालय, शौचालयलगायत संरचना निर्माण भएका छन् ।


## साउदीमा रोजगार

कम्पनी : ECONOMIC CENTER CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342341 | चलानी नं. ६०२५५६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 30 | 0 | 1800 | ७२,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १ गते (15th Feb. 2026) मा हुनेछ ।

नोट : यो LT No. 342341 को Economic Center Contracting Company कम्पनीको विज्ञापन मिति २०८३ जेठ २५ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुट्न गएकोले आज मिति २०८३ जेठ २६ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५

Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## मलेसियामा रोजगार

कम्पनी : STING FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ | LT. No. 338878 | चलानी नं. ६०२५२५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 45 | 0 | 1700 | ६४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १ गते (15th June 2025) मा हुनेछ ।

नोट : यो LT No. 338878 को Sting Force Sdn Bhd कम्पनीको विज्ञापन मिति २०८३ जेठ २५ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुट्न गएकोले आज मिति २०८३ जेठ २६ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



## मलेसियामा रोजगार

कम्पनी : SYARIKAT PERUSAHAAN JOOI BERSAUDARA SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343126 | चलानी नं. ६०२५६४१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Of Furniture) | 53 | 0 | 1700 | ६३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २ गते (16th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
